

2018

# Program Final comleat Report  RAP-III 2018



Prepared By
PeaceWin/RAP-III  Bajura

Writen By: Bahadur Singh  Bohara  -Development Assistant

**PeaceWin Bajura**
**Rural Accss program (RAP- III)**

# Programme Final Compleat Report 2018
# कार्यक्रम सम्पन्न प्रगती प्रतिबेदन रिर्पोट

## परिचय Introduction

नेपालको सामाजिक आर्थिक,शैक्षिक साँस्कृतक क्षेत्रलाई विकासको गतीलाई तिब्रता दिनका लागी र नेपाल सरकारबाट संचालित विभिन्न किसीमका सरकारीकामकाज जनसेवाहरुलाई प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सहयोग गर्ने देश भरी विभिन्न किसीमका संघ संस्थाहरु स्थापना भएको पाइन्छ । त्यसै उदेश्यका साथ बाजुराको विकासलाइ निरन्तरका दिनका साथै समग्र देशको विकासमा मा सहयोग गर्नका लागी नेपाल सरकार र विभिन्न दातृ निकास संग अगाडी बढ्दै जाने उदेश्यले बाजुरा जिल्लाका पीसविन बाजुराको स्थापना भएको पाइन्छ पिसविन बाजुराले विभिन्न संघ सस्था तथा दातृ निकाय संगको समन्वयमा जिल्लाका सबै गाविसमा जनचेतना मुलकका साथै विकास निमाणका कार्यक्रम अगाडी बढाई रहेको छ । सोही क्रममा डि एफ आई डिको आर्थिका सहयोगमा ग्रामिण पहुँच कार्यक्रमले साझेदारी संस्थाको रुपमा पिसविन बाजुरालाई लिई आफ्नो कार्यक्रमलाई साविकको कैलाशमाण्डौ, तोली छतारा हालको त्रिबेणी नगरपालिकामा कायक्रम संचालन गरीएको थियो ।

पहिलो र दोस्रो वर्षमा प्राटिकल एक्सनले साझेदार पिसविन बाजुरालाई लिइ गाविस स्तरमा उत्पादन समुह मार्फत विभिन्न किसीम कृषक पाठशालाहरु,कृषक ब्यबसायिक पाठशाला का साथ विभिन्न किसिमका शिपमुलक तालिम पश्चात समुदायको जनजिवनमा सुधार आएको पाईएको छ । गाविस स्तरमा विभिन्न समुहहरुमा स्थानिय श्रोत ब्यक्ति माफृत पनि आबश्यक शिपका साथै विभिन्न सेवाहरु प्रदान गरी दुर्गम बस्तीमा बसोबास गरेका मासिसहरुलाई सक्दो सेवा पुगेको छ । जस्तै तरकारी बेर्ना राख्ने,गोडमेल गर्ने, सार्ने ,मल राख्ने र मनाउने र विभिन्न सिकमि विसादी प्रयोग गर्ने यसैगरी बाख्रा पालन समुहमा बाख्राको खोर सुधार,बाख्मा लाग्न सक्ने विभिन्न किसिमका रोगहरुको कारण त्यसको निदानका बारेमा जानकारी गरि कृषकहरुलाई शिप प्रदान गरीएको थियो । तरकारी र मसलाबाली लगाउने कृषकहरुका लागी विभिन्न किसीमका औजारहरु सहयोग गरिएको थियो । जसले गर्दा उत्पादन गरि रहेका कृषकहरुलाई थप उर्जा सृजना भइ ब्यबसायको क्षमता बढी पारि पारिक जिवन स्तरमा सुधार आएको छ । त्यसै गरि गाविसमा काम गरी रहेका सिलाइ कटाई गरि रहेका ब्यक्ति र घर बनाइ रहेका डकर्मीहरुलाइ क्षमता अभिबृति तालिम संचालन गरीएका थिए । त्यसै गरि गाविसमा गठन गरीएका विभिन्न समुहलाई तालिम संचालनका साथ अभिमुखकिरण गरिएको थियो । तरकारी उत्पादन गरी रहेका कृषकहरु तर सिचाईका लागी पानीको अभाव भएका ठाँउबा सिचाईको ब्यबस्थापन गरी कृषकहरुलाई सहज बनाउनका लागी बजार ब्यबस्थापन तथा गरी कृषकलाई ब्यबसाय गर्न अभिप्रेरित गरेको अबस्था छ । दिगो आय आर्जनमा सुधार ल्याउनका लागी कृषहरुलाई शिजन र अबस्था अनुसारका कृषक पाठशालाहरु संचालनमा आई रहेको गरीएक थिए ।सोही प्रतिफलले आज कृषकहरु ब्यबसायिक रुपमा अगाढी बढ्न सहज वातावरण सृजना भएको छ । स्थानिय श्रोत साधनको प्रयोगका साथ घरदैलो मै रोजगारी सृजना भएको छ र यि सामाजिक तथा आर्थिक विकास कार्यक्रमका संचालन गरीएका क्रियाकलपलाई निरन्तरता दिनका लागी समुहमा आबश्यक सुझाव सल्लाह दिदै समुहमा भएको बचतलाई आय आर्जन तथा ब्यबसायिक मुलक क्रियाकलापमा लगानी गर्नका लागी मासिक बैठकमा सुझास सल्लाह दिने, समुहमा आबद्ध सदस्यहरुलाई प्रार्थमिक उपचार सम्बन्धि तालिम,द्रन्द्र ब्यबस्थापन तथा नेतृत्व विकास तालिम,बचत तथा ऋण परिचलान जस्ता तालिम संचालन गरी समुदायको क्षमता अभिबृद्धि गरिएको थियो । प्राटिकल एक्सनको साझेदारी सामाजिक तथा आर्थिक विकास क्रियाकलाप समानपन पछि पनि ग्रामिण पहुँच कार्यक्रम संचलन गर्नका लागी पनि LRN स्थानिय सडक संज्याले पनि साझेदार संस्था पीसनिलाई निरन्तरता गर्दा कार्यक्रमको नियमति रुपमा अनुगमन मुल्याङ्कन र सामाक्षिक क्षेत्रमा सहयोग गरेर तपशिल उल्लेख गरीएका क्रियाकलापका संस्थाको तर्फबाट सहयोग गरी कार्यक्रम कार्यन्वयन भइ निम्न प्रगति तथा उपलब्धि भइ संस्थाको तर्फबाटको जिम्मेबावरी पुरा गरेको छ ।

## २. उदेश्य Objective

यूकेएड/ डिएफ आईडिको आर्थिक सहयोगमा एलआर एन र पीसविन बाजुरा साझेदारीमा संचालित ग्रामिण पहुच कार्यक्रको सामाजिक सरक्षण अन्तरगत तपशिल बमोजिमा उदेश्यहरु राखी कार्यक्रम संचालन भएको थियो ।

✍ विभिन्न शिप मुलक तालिम संचालन गरि गरिव तथा वञ्चितिमा परेका वर्गलाई आर्थिकमा बृद्धि गरीस्रोत माथिको पहुँचमा समानता ल्याउने ।
✍ समुहमा भएको बचत लाई आय आर्जन तथा ब्यबसाय मुलक क्रियाकलापमा लागनी गर्न अभिप्रेरित गरी बचत लाई नियमितता दिन र ऋण रकमलाई सही ठाँउमा परिचालन गर्न अनुगमन समिति गठन गरी समुहको सदभाव कायम गरी आर्थिक पार्दशितामा दुरदृष्ट्री ल्याउने ।✍ विभिन्नन उत्पादन समुह मार्फत दिगो आय आर्जनमा बृद्धि गरी ब्यबसायिक खेती गर्न अभिप्ररित गर्ने ।
✍ भौतिक पूवार्धार निर्माण गरी आर्थिक तथा सामाजिक कियाकलापका गतीविधिमा सहयोग पुगाउने ।
✍ सामाजिक सुरक्षण अभिमुखीकरण मार्फत सनिसहरुमा दैनिक आईपर्ने दुर्घटनाहरु कम गर्ने ।
✍ RBG / LRCC स्तरमा सार्वजनिक जनलेखा परिक्षण गरी आर्थिक पार्दशिता कायम गरी सदभाव सृजना गर्ने ।
✍ सनिसहरुलाई उत्पादन समुह गठन गरी नगरपालिकामा दर्ता र सुचिकृत गराइ समुहलाई समन्वय गराउने
✍ समुहमा भएको बचत लाइ सरकारीमा लैजान र आफु पनि आबद्धता हुनका लागी जोड गर्ने

## ३.संचालित गाविसहरु

**१ साविक तोली,छतारा र कैलाशमाण्डौ (हाल त्रिबेणी नगरपालिका बाजुरा**

**२. रिर्पोटिङ्ग क्षेत्र : सामाजिक परिचालन,सामाजिक सुरक्षण ब्यबस्थापन,वातावरण सुरक्षण,समन्वय**

## ३.संचालित क्रियालापहरु

### १ सामाजिक परिचालन Social Mobilization

- सडक निर्माणका लागी विभिन्न RBG,SBG,RMG, Dril Groups ,Sport समुह गठन तथा पूर्नर गठन गरी परिचालन ।
- सामजिक समाबेशीकरण र लैङ्गिक समानताका विषयमा अभिमुखीकरण
- विन्भिन्न सडक निर्माण समुहको मासिक बैठक संचालन ।
- समुहको मासिक बचत,श्रम बचत र ऋण परिचालन ।
- सडक निर्माण समुह तथा बचत समुहका लागी क्षमता अभिबृद्धि तालिम ।
- सार्बजनिक लेखा परिक्षण

### २ सामाजिक सुरक्षण ब्यबस्थापन Social Safeguards Management

- काम र काम गर्ने स्थानमा सुरक्षा ।
- सुरक्षण पहिरन ।
- सुरक्षण कार्डबारे दैनिक तथा मासिक छलफल ।
- विशेष निर्माण समह क्याम्पीन ।
- खानेपानी तथा सरसफाइ ब्यबस्थापन
- प्रार्थमिक उपचार सामाग्री वितरण चेक र पून थप ब्यबस्थापन ।
- दुर्घटना विमा
- सडक निर्माण गर्ने स्थानमा दुध चुसाउने आमाहरुको ब्यबस्थापन ,
- सडक निर्माण गर्ने स्थानमा आउने गभवती महिलाहरुको ब्यबस्थापन ।

### ३ वातावरण सुरक्षण ब्यबस्थापन Enviromental Safeguards Management

- बातावरण विश्लेषण ।
- बातावरण ब्यबस्थापन योजना तथा कार्यन्वयन ।
- सार्बजनिक तथा ब्यक्तिगत संरचनाहरु पून निर्माण तथा ब्यबस्थापन

### ४ समन्वय तथा सहकार्य Coordination and Linkage

### ५ कार्यक्रम बाहिरीगमन रणनिति Exit Strategy

## ४.केही मुख्य क्रियालापहरुको गुणात्क उपलब्धी सारॉंस Qualities of Some Major Activities Summary


| सि नं | क्रियाकलाप | क्रियाकलाप गत सारॉंस र उपलब्धि |
|---|---|---|
| १ | **सामाजिक परिचालन Social Mobilization** | |
| १.१ | सडक निर्माणका लागी विभिन्न RBG,SBG,RMG, Dril Groups ,Sport समुह गठन तथा पूर्नर गठन गरी परिचालन |  कैलाशमाडौ, तोली, छतारामा सडक निर्माण कार्य संचालन गर्नका लागी ७२ वटा सडक निर्माण समुह,२२ वटा विशेष निर्माण समुह,४ वटा ड्रिल समुह,४ वटा सडक मर्मत सम्भार समुह, २ वटा बोल्डर समुह निर्माण गरी मौरे– कैलाशमाण्डौमा ११ कि.मी र मौरे तोली–छतारामा १६.६०० किमी सडक करिव ९०% सडक निर्माण भइ हाल नियमिति रुपमा यातायात संचालन भइ रहेका छन ३ ,४ घण्टा लाग्ने समय आजभोली १ घण्टामा मुख्य सडक तथा बाम्का बजारमा पुग्न सजिलो भएको छ विरामी लाई छिटो उपचार गर्ने ठाउमा लैजान र अन्य सामान ओसार पसार गर्न सजिलो भएको छ । |
| १.२ | सामजिक समाबेशीकरण र लैङ्गिक समानताका विषयमा अभिमुखीकरण | सडक निर्माण समुहमा सबै समुदायमा मानिस महिला दलित समेटर समुह बनाइ सबैले समान कामको समान ज्याला पाएका छन । महिला र पुरुष विच विभेद गरिनु हुदैन भन्ने सचेतना जगाइएको छ । |
| १.३ | विन्भिन्न सडक निर्माण समुहको मासिक बैठक संचालन । | सबै सडक निर्माण समुहको मासिक रुपमा समुहमा बैठक बसी समुहमा आएका समस्याहरु समाधान गर्ने र कामका बारेमा छलफल गर्ने समुहको मासिक बैठक नियमित हुने गरेको छ। |
| १.४ | समुहको मासिक बचत,श्रम बचत र ऋण परिचालन । | समुहको मानिस बचत नियमित रुपमा गर्ने र सडक निर्माण गर्दा पाएको ज्यालाको १0% बचत गरी समुदायमा भएको बचत नियमित रुपमा आय आर्जनका क्रियाकलपामा लगानी भए आएको ब्याज आम्दानीको लेखा जोखा प्रत्येक समुहका सदस्यहरुको राखिएको । |
| १.५ | सडक निर्माण समुह तथा बचत समुहका लागी क्षमता अभिबृद्धि तालिम । | सडक निर्माण समुह तथा उत्पादन समुहहरुका लागी र सहकारीका सदस्यहरुका लागी प्राथमिक उपचार तालिम,नेतृत्व विकास तालिम,समुह ब्यबस्थापन तालिम लेखा ब्यबस्थापन तालिम संचालन गरीएको थियो जसको फल स्वरुपमा प्राथमिक उपचार तालिम पश्चात समुहमा चोट पटक लाग्दा तरिकाबद्ध घाइतेको उद्धार गरीएको समुह ब्यबस्थापनले उत्पादन समुह निर्माण भइ समुह दर्ता तथा नगर पालिकामा सुचिकृत गरी कार्यक्रम पाएको लेखा ब्यबस्थापन तालिमले समुह र सहकारीका बचत, ऋण लागानीका खाताहरु प्रस्ट रुपमा हिसाव राखीएका र नेतित्व विकास तालिमले समुहका सदस्यहरुले समुहको समस्या समाधान गरी नेतित्वदायी भुमकि खेली विवाद हरु समाधान हुने गरेका छन |


| | | |
|---|---|---|
| १.६ | सार्वजनिक लेखा परिक्षण | सडक निर्माण समुहमा प्रत्येक विल भुक्तानी पश्चात र स्थानिय सडक उपभोक्ता समतिमा ६ महिनाको १ पटक वर्षमा २ पटक हुने गरेको छ । जसले आर्थिक पार्दर्शिता काम प्रति जवाफ देहिताका साथै कार्यक्रम कार्यन्वयन प्रक्रियामा भएको प्रगतीको समक्षिा र कमीकम जोरी पक्षलाई सुधार गर्ने काम जन लेखा परिक्षणले गरेको छ ।  |
| २ | **सामाजिक सुरक्षण ब्यबस्थापन Social Safeguards Management** | |
| २.१<br>२.२<br>२.३ | काम र काम गर्ने स्थानमा सुरक्षा ।<br>सुरक्षण पहिरन ।<br>सुरक्षण कार्डबारे दैनिक तथा मासिक छलफल । | सडक निर्माण गर्ने स्थानमा सवै सदस्यहरुमा लागी सुरक्षाका सामग्री दिइ सडक निर्माण गर्ने काम गराइएको छ । जसको प्रयोगले गर्दा अप्ठेरो ठाँउमा का गर्दा दुर्घटना हुनबाट कम हुनका साथै औजार चलाउन पनि सजिलो भइ कामदारको सुरक्षा भएको छ दैनिक रुपमा नियमित रुपमा अनुगमन गरी सुरक्षाका सामग्री प्रयोग नगर्ने लाइ काममा नलाउने र सुरक्षाका बारेका दैनिक रुपमा अभिमुखिकरण गर्दा सुरक्षाका सामाग्री नियमित रुपमा लगाउने गरेको पाइन्छ । साथै दैनिक काम गर्नु पूर्व सुरक्षाका बारेका छलफल गरी काम गर्ने गरेको र मासिक बैठकमा पनि प्रार्थमिक उपचार सामाग्री र सुरक्षाकार्डका बारेमा पनि छलफल हुन्छ ।  |
| २.४ | विशेष निर्माण समह क्याम्पीन । | घरबाट टाढा भएका विशेष निर्माण समुहका लागी सुरक्षित बास गर्नका लागी कृपाल , अन्य सामाग्री प्रदान गर्नुको साथै वातावरण ब्यबस्थापनका लागी क्याम्पीन भएको स्थानमान सौचालयको ब्यबस्थापन गर्न लगाएको छ । |
| २.५ | खानेपानी तथा सरसफाइ ब्यबस्थापन | सडक निर्माण समुहका लागी स्वच्छ खानेपानी खानका सल्लाह दिइ खानेपानीका लागी जग र गैला दिएको छ सडक निर्माण गर्ने स्थानमा सौचालन निर्माण गरी प्रयोग गर्ने र वातावरण दुसित नगर्ने सल्लाह दिइएको । |
| | प्रार्थमिक उपचार सामाग्री वितरण चेक र पून थप ब्यबस्थापन । | काम गर्ने स्थानमा अनिवार्य सुरक्षाका सामाग्री लगाउने यदी लगाउदा लगाउदै दुर्घटना हुन पुगेमा घाइेको घाट चोटको अबस्था विग्रन नदिन र सुरक्षित उपचार गर्ने स्थानमा लैजानका लागी आबश्यक पर्ने प्रार्थमिक उपचारका सामाग्री सनिसलाई प्रदान गरीएको । पटक पटक अनुगमन गरी आबश्यक सामाग्रीहरु थप गरिन्छन । |
| **२.६** | दुर्घटना विमा | सडक निर्माण समुहमा काम गर्ने सदस्यहरुका लागी विमाको ब्यबस्था गरीएको छ । सडक निर्माण समुहमा आबद्ध भएको सदस्य सडक निर्माणमा काम गर्ने शिलशिलमा घाइते भएमा आबश्यकता अनुसारको उपचार गर्ने र यदी पूर्ण रुपमा अपाङ्गता भएमा RAP ३ को Safeguards Management Opertation Manual अनुसार विमा दिने ब्यबस्था छ । डाक्टर प्रमाणित भएमा ।  |
| २.७<br>२.८ | सडक निर्माण गर्ने स्थानमा दुध चुसाउने | सडक निर्माण गर्ने स्थानमा दुध चुसाउने महिला र गर्भवती महिलालाई काम गर्न लगाउन पाइदैन यदी समुहमा त्यस्तो ब्यक्ति आएको भेटाएएमा सल्लाह |


| | | |
|---|---|---|
| | आमाहरुको ब्यबस्थापन ।<br>सडक निर्माण गर्ने स्थानमा गर्भवती महिला ब्यबस्थापन | दिई उनको सट्टामा उनको घरको बा समुहको निर्णय अनुसार अर्को ब्यक्ति सोध भर्ना गरी काम गर्ने गराउने गरेको । जसले गर्दा आमा र बच्चालाई हुने जोखिमता कम भएको छ । |
| **३** | **वातावरण सुरक्षण ब्यबस्थापन Enviromental Safeguards Management** | |
| ३.१<br>३.२ | बातावरण विश्लेषण ।<br>वातावरण ब्यबस्थापन योजना | सडक निमाण गर्ने स्थानमा निर्माण गर्ने स्थानमा बाढी पहीरो जाने स्थानको विश्लेषण गरी आबश्यकता अनुसारको रोकथामका उपायहरु बायोइन्जिनियरिङ्ग,तट्बन्धन,ग्याविन वाल,बृक्षारोपण पानी तरकाउने, अन्य विधिहरु अपनाइ वातावरण सुरक्षण गर्ने काम भइ रहेको छ । |
| ३.३ | सार्बजनिक तथा ब्यक्तिगत संरचनाहरु पून निर्माण तथा ब्यबस्थापन |  सडक निर्माण गर्ने शिल शिलामा सडकको नजिक पर्न गइ विग्रेका भौतिक संचरना,घर, गोठ,चिहान, चौतारी,मठ,मन्दिर,खानेपानी,सिचाइ कुलो, पानी घट्ट,आदी विग्रमा वा सडकको विचमा परेका लाइ सोही संरचनाको इटमेट गरी पून निर्माण गरी दिने गरेको छ ।हाल सम्म एक वटा घर,४ वटा पसल, एक वटा गोठ, १ वटा खानेपानी, २ वटा सौचालय १ मन्दिर अन्य नजिकका गोरेटो बाटा र स सना सिचाई कुलो सुधार गरीएका छन । |
| **४** | **समन्वय तथा सहकार्य Coordination and Linkage** | सबै सडक निर्माण समुहलाई त्रिबेणी नगरपालिका मा संचालित संघ संस्था,जलश्रोत परियोजना विकास परियोजना, सु आहार,पीसविन द्वारा संचालित अन्य परियोजना,सरकारी कार्यालय,कृर्षी शाखा, पशु शाखा, र अन्य सहयोगी निकाय संग समन्वय गराईएको छ सरकारीमा पनि समन्वय गराई बचत सहति सेयर बन्न सल्ला दिए धेरै जना सकारीमा आबद्ध भइ सकेका छन । |
| **५** | **कार्यक्रम बाहिरीगमन रणनिति Exit Strategy** |  कार्यक्रमको अन्तिम चरण परियोजना बाहिर जाने शिल शिलमा सडक निर्माण समुहलाई थप क्षमता विकास तालिम दिएको छ समुहको बचत ब्यबस्थापनका लागी खाताहरु सहयोग हाल सम्म भएको बचतको हिसाव र ब्याज हिसाव र बचत रकम हस्तान्तरण, उत्पादन समुह, सहकारी भन्ने बारेमा सल्लाह गरी समुह निर्णग गरी बचत रकमको चाँजोपाजो लगाइको छ विगतको सिकाइ ले गर्दा पछि बचत रकम हराउने सम्भावना हुदा पहिला नै समुहाई सचेत गराई आफ्नो बचतको निर्णय आफै गर्न लगाइएको छ । सडक निर्माण कार्य सम्पन्न गरी सकेका समुहलाई दिएका सडक निर्माण सामाग्रीहरु फेर्ता लगाउन लगाईएको छ । सबै समुहलाई उत्पदान समुहमा परिणत गरी ग्रामिण पहुच कार्यक्रम बाहिरीने रणनिती कार्य योजना गरी कियाकलापहरु सबै कार्यन्वयन भइ सकेका छन । |


## ग्रामीण पहुच कार्यकम, बाजुरा भुक्तानी भएको घाउचोटको अवस्था




| | | | | | | Saving mobilised on: |
|---|---|---|---|---|---|---|
| Group Saving and Credit : | | | | | | a. Education<br>b. Medical treatment<br>c. Livestock raising<br>d. Festival celebration<br>e. Procurement of fixed asset<br>f. Procurement of ornamets and jwellery |
| S N | Category | Mal e | Female | Uni t | Total Rs | |
| 1 | Total saving till this month | 788 | 592 | NR s | 16,008,37 6 | |
| 2 | Total credit till | 430 | 196 | NR | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | this month | | | s | 10,493,916 | g. Rice mill<br>h. Interest on loan increased/decreased/same at local level. Loan percenatge is decrease than money lender.<br>**Additional benefits from S/C**:<br>a. Goat Raising b. Poultry farming. |
| | a. Credit on Productive sector | 193 | 81 | NRs | 6,158,761 | |
| | b. Credit on consumption | 237 | 115 | NRs | 4,335,155 | |
| | Total defaulter | 0 | 0 | NRs | | |
| | Status | Yes | Number | No | Number | |
| | Book keeping maintained | √ | 72 | | | |
| | Loan Monitoring | √ | 72 | | | |
| | Additional Benefits from S/C | √ | 30 | | | |

*Note: Productive sector= Investment in those areas which gives return within limited time period to repay .*

*Consumption sector= Investment focussed to fulfill basic needs, like fooding, clothing, education, health etc.*

**Linkage of Groups with Other Agencies:**

| SN | Activities | With Whom | Where | Support areas |
|---|---|---|---|---|
| 1 | Linkage with I/NGOs | Bikash (47/258) Suahara (3/37) | 47 RBG / 258 members | Vegetable, goat and spice production & marketing, poultry |
| 2 | Other projects and programmes | RVWRMP (33/432) NCCSP (26/270), PAF (26/520) | 51 RBG /812 Members | Drinking water, vegetable, irrigation, skill training, Income generation |
| 3 | Linkage with GoN agencies | DADO (67/369), CSIDB (3/46), DLSO (56/219) | 72 RBG/605 members | Vegetable, spice seed, enterprenuership training, group registration, insurance |

**Environmental Safeguard Management**

| Effect category | Number | Action Taken |
|---|---|---|
| a. Site clearance: Tree felling - community forest (Total) | 214 | Cut and well managed |
| b. Site clearance: Tree felling - private forest | 74 | Cut and well managed |
| c. Site clearance: Tree felling - agricultural land | 150 | Cut and well managed |
| Relocation and rehabilitation of damaged structures/House & shed | | |
| a. House | 6 | Agreement, relocation |
| b. Shed (Animal shed) and toilet | 6 | Agreement, relocation and payment |
| c. Drinking water/Irrigation system | 9 | Assesment, agreement and maintenace |
| d. Water mill | | |
| e. Cremation sites/grave yard | | |
| f. Chautari (Resting place) | 1 | Assessed, estaimeted |
| g. Foot trails | 53 | Assesed, estimated, constructed |
| Effects on local mobility due to disturbed trail route | 0 | |
| Is there spoilage dumping on private agriculture land? (ropani) | 10 | Cleared |
| Is there complain? | 0 | |
| Planting of trees to replenish felled trees (1 in 25 trees ratio) | 0 | 5000 seedling planted in 6 CFUG |

## ३.मूख्य उपलब्धीहरु

- तरकारी उत्पादन समुहहरुका सदस्यहरुको क्षमतामा अभिद्धि भई आफै तरकारी लगाउने तरिकाका बारेमा जानकारी पाई सिजन अनुसार र बेमौषमी तरकारी लगाउने काम गरी तरकारी ब्यबसाय नियमित गर्ने गरेको ।
- तरकारीको ब्यबसायको आम्दानीमा बृद्धि भई मासिक आम्दाकिो श्रोत बढी पारिवारिक जिविको पार्जनमा सुधार भएको ।
- सडक निर्माण समुहका सदस्यहरुका विभिन्न तालिम मार्फत क्षमता अभिबृद्धि भएको ।
- समुहका सदस्यहरुको क्षमता अभिबृद्धि भइ बचत तथा ऋण परिचालनका खाताहरु ब्यबस्थापन भएको ।
- समुहको बचत रकम ब्यबसाय तथा आय आर्जन मुलक क्रियाकलापमा लगानी भइ ऋण लिएका सदस्यहरुको आय आर्जनमा सुधार भएको ।
- सडक निर्माण काममा दैनिक रुपमा रोजगारी सृजना भई विपन्न वर्गको आर्थिक हैसियतमा सुधार भएको ।
- सनिसका पदाधिकारीकारीहरुको प्रार्थमिक उचचार सम्बन्धि क्षमता अभिबृद्धि भइ सनिसमा काम गर्दा वा अन्य ठाँउमा काम गर्दा भई रहने स सना घटनामा प्रार्थमिक उपचार गर्न सक्षम भएका ।
- सडक निर्माण गर्दा आई पर्ने समस्याहरु स्थानिय सडक उपभोक्ता समिति र स्थानिय सडक समन्वय समितिको रोहवरमा समस्याहरु सहज रुपमा पिडित पक्ष राखी समस्या समाधानको समाधान भएको ।
- कृषकहरुलाई दैनिक रुपमा काम गर्ने अबसर प्रदान भएको र दैनिक रुपमा आम्दानीबृद्धि भएको ।
- दैनिक ब्यबसायको आम्दानीले गर्दा बर्षेनी विदेशीने मासिसहरुको संख्यामा कमी आएको ।
- समुदाय स्थरमै कम लगानी र कम मिहिनेतमा धेरै आम्दानी गर्ने अबसर पाएको ।
- ब्यसायबाट भएको आम्दानले बालबालिकाको पढाई तथा शिक्षाको स्तरउन्नती भएको ।
- मासिक रुपमा साहु महर्ाजनको दैलोमा ऋण सापटी धाउनु पर्ने बाध्यमा सुधार भएको ।
- दैनिक रुपमा आई पर्ने पारिवारिक समस्या टार्न सजिलो भएको ।
- दैनिक रुपमा सनिसहरुको अभिमुखीकरणले गर्दा रोडमा आईपर्ने दुर्घटनाहरुमा सुधार आएको ।
- समुहका सदस्यहरु सहकारीका बारेका जानकारी पाई सहकारमिा आबद्ध भएको ।
- बोट विरुवा काटीएका सट्टामा विभिन्न जातजातिका बोट विरुवाहरुको बृक्षारोपण कार्य गरीएको ।
- विभिन्न सरकारी तथा गैर सरकारी कार्यलय संग सनिसका सदस्यहरुको समन्य गराई आबश्यब सेवा लिई विभिन्न सेवा प्रदायक ठाँउमा समुदायको पहुँचमा बृद्धि भएको ।

## ४.कार्यक्रम संचालन गर्दा भएका सिकाईहरु Lesson Learn

- गाविस स्तरमा संचालन गर्ने क्रियाकलापहरु कार्यान्वयन गर्दा कोरीडोर स्तरको संज्याल मार्फत अनुमोदन गरी कार्य थालनी गर्दा विवादपूर्ण रुपमा संचालन गर्न सजिलो भएको ।
- मासिक कार्य योजना मुक्ताविक नै समुहमा काम गर्दा कार्यक्रमको प्रतिफल समयमै आउने ।
- समुहमा निरन्तर परिचालन भई आबश्यक सहयोग तथा सुझाव सल्लाह दिई रहदा समुहले कार्यक्रमको निति नियम अनुसाय कार्यन्वयन गराउन सजिलो भएको ।

## ५ .चुनौतिहरु Challenges/Issues

- भौगोलिक कठिनाईका कारणले समयमा नै सबै कार्यक्रममा समाबेश हुन कठिनाई ।
- सडक निमाण गर्ने स्थानमा परेका जग्गा धनीहरुले समयमा सडक निर्माण कार्य गर्न नदिने ।
- सडकमा काम गर्ने घाइतेहरुको विलहरु पटक पटक सच्याउनु पर्ने र सयममा घाइतेले विल नबुझाउदा चोट पटक लागेको उपचार खर्चका विलहरु समयमा पेश गरी पुक्तानी गर्न समस्या भएको ।
- सबै समुहका सदस्यहरुलाई सहकारीमा आबद्धता गराउन कठिनाइ ।

## ६ .सिफारिसहरु *Recomandation*

- मासिक रिर्पोटिङ्गका फर्मेटहरु महिनाको पहिलो हप्तामा स्टाफ मिटिङ्गमा छलफल गरी रिर्पोटिङ्ग गर्न लगाएमा मासिक कार्य प्रगतिका रिर्पोटहरु समयमै गर्न सजिलो हुन्थ्यो होला ।
- संस्थाले सबै परियोजनाका कर्मचारीहरुलाई कुनै महिनामा कर्मचारी बैठकमा बोलाइएको भए अझ सिकाइ आदान प्रदान भइ फिल्ड स्तरका कर्मचारीहरुले काम गर्न थप मनबल बढाउन सकिन्थ्यो ।
- संस्थाले अन्य परियोजनाको जस्तै ग्रामिण पहुँच कार्यक्रमको नियममित मूल्याकन र कर्मचारीहरुहरुको नियमति मूल्याकन गरी आबश्यक सुझाव सल्लाह दिए राम्रो हुन्थ्यो होला

## ७ .निश्कर्ष *Conclusation*

यस साविक तोली छतारा र कैलाशमाण्डौ गाविस हालको त्रिबेणी नगरपालिकामा ग्रामिण कार्यक्रम लागु भए पश्चात हाल सम्म संचललनका आएका विभिन्न क्रियाकलापमा सबै समुहहरु संलग्न भएका छन । यस कार्यक्रमबाट दैनिक रुपमा रोजगारीका साथै समुहबाट लिएको बचत रकमको ऋण र कुनै सदस्यले आफै लागानीले गर्दा अधिकाँस मानिसहरु तरकारी, मसला, बाख्रा पालन र ब्यापार ब्यबसायमा रही जिविकाे पार्जन गरी रहेको छन । यि क्रियाकलापलाई निरन्तरता दिनका लागी समुहका सदस्यहरु हरु सहकारीमा आबद्ध भएमा सबै समुदायमा मानिसहरुको हाल अँगालेको जिविको पार्जनको पेशालाई निरन्तरता भई सबैको हैसियतमा सुधार हुने देखिन्छ । र अन्तमा पिसविन बाजुराले ग्रामिण पहुँच कार्यक्रममा काम गर्ने अबसर जुराइ समुदायको सहयोग गर्ने अबसर प्रदान गर्नु भएकोमा हार्दिक आभार प्रकट गर्दछु ।

***तयार गर्ने***

पीसविन ⁄ ग्रामिण पहुँच कार्यक्रम तेस्रो चरण बाजुरा